# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎: ०२१-४६१२४०
इमेल : puoemgt@puexam.edu.np
वेबसाइट : www.puexam.edu.np


प.सं. :

च.नं. :

मिति: २०७९।०५।२६

श्री क्याम्पस प्रमुखज्यू,
**B.Pharmacy/BPH अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेजहरू**

विषय: परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०७९(सन् २०२२) सालमा सञ्चालन हुने **चिकित्साशास्त्र** संकाय अन्तर्गत ४ बर्षे **B.Pharmacy/BPH** शैक्षिक कार्यक्रमको **दोस्रो सेमेस्टर नियमित तर्फका** त्यस क्याम्पस/कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई **२०७९।०६।२६** गते भित्र परीक्षा आवेदन फारम भराई **मिति** २०७९।०६।२७ गते नियमानुसारको **परीक्षा शुल्क** यस कार्यालयको **नविल बैंक लि.को CALL A/C 00710017518402 मा** जम्मा गरी सो को सक्कलै भौचर र परीक्षा आवेदन फारम मिति **२०७९।०६।२८** गते भित्र सम्बन्धित कलेजको प्रतिनिधि मार्फत पू.वि. परीक्षा व्यवस्थापन कार्यालय,विराटनगरमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन फारम भर्न छुट भएका विद्यार्थीहरुलाई तपसिल बमोजिमको **विलम्ब शुल्क** सहित परीक्षा आवेदन फाराम भराई पू.वि. परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा पठाउनु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान ......यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

***परीक्षा आवेदन फारम भराउँदा तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।***

**तपसिल**

१. परीक्षा आवेदन फारम पठाउदा शैक्षिक सत्र (Batch) अनुसार, अंग्रेजीको वर्णानुक्रमअनुसार Ascending order मा फारम मिलाई विषयगत विवरण फारम तयार गरी फाईलिङ्ग गरी पठाउनु पर्ने छ।

**२. परीक्षा आवेदन फारममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । तोकिएको कागजातहरु पुरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन।**

३.परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ। अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ।

४.परीक्षा आवेदन फारमको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ।

५.परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ। प्रयोगात्मक विषयमा मात्र अनुतिर्ण विद्यार्थीले समेत अनिवार्य रुपमा परीक्षा आवेदन फारम भर्नुपर्नेछ।

६.कुनै परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रतिविषय रू.५००।- लाग्नेछ।

*७.परीक्षा शुरु हुनु भन्दा ७ दिन अगावै सम्बन्धित कलेजले आन्तरिक मूल्याङ्कन पठाईसक्नुपर्ने छ । आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।*

८. परीक्षा शुल्क देहाय बमोजिम हुने छ-

| विवरण | शुल्क |
|---|---|
| १. नियमित | रू २,०००।०० |
| २. विलम्ब शुल्क (तोकिएको भ्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रू १,०००।०० |
| ३. विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा १० दिन अगाडि सम्म) | रू २,०००।०० |
| ४.विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म) | रू ३,०००।०० |

*नोट:कुरियर मार्फत परीक्षा फारमहरू नपठाउनु होला ।*

--------------------
नि.परीक्षा नियन्त्रक